# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक






❒ वर्ष : २५ ❒ अंक : २५९ ❒ बुधवार, १७ असार, २०८३ ❒ Wednesday, 1 July 2026 ❒ नेपाल संवत ११४६ ❒ पृष्ठ : ४ ❒ मूल्य : रु. १०


# मनसुन सुरु भएसँगै, त्रास पनि सुरु, एक दशकअघिका विस्थापित अझै घरविहीन

## *विपद् प्रतिकार्य योजना लागू, यसपाली पनि तीन हजार घरधुरी प्रभावित हुने प्रक्षेपण*

❒ **काँक्रेविहार संवाददाता**
सुर्खेत, १६ असार

कर्णाली प्रदेश सरकारले यस वर्षको मनसुनजन्य विपद्लाई लक्षित गर्दै पूर्वतयारीलाई प्राथमिकतामा राखेको छ । प्रदेश विपद् व्यवस्थापन परिषद्ले 'विपद् प्रतिकार्य योजना-२०८३' पारित गरेसँगै प्रदेशभर पूर्वतयारी तथा उद्धार व्यवस्थापनका कार्यक्रम कार्यान्वयनमा ल्याइने भएको छ । तर विगतका अनुभव हेर्दा योजना निर्माणभन्दा प्रभावकारी कार्यान्वयन नै सरकारका लागि सबैभन्दा ठूलो चुनौती देखिएको छ ।



नेपालमा यस वर्षको मनसुन भित्रिएसँगै कर्णालीमा पनि बाढी, पहिरो र भूक्षयको जोखिम बढेको छ । भौगोलिक रूपमा कमजोर बनोट, अधिकांश भूभाग पहाडी तथा करिब ५७ प्रतिशत भिरालो जमिन भएकाले कर्णाली प्राकृतिक विपद्को उच्च जोखिममा पर्ने प्रदेशमध्ये एक हो ।

हरेक वर्ष वर्षायाम सुरु हुनासाथ सडक अवरुद्ध हुने, बस्ती विस्थापित हुने, कृषि उत्पादनमा क्षति पुग्ने तथा जनधनको ठूलो नोक्सानी हुने क्रम दोहोरिने गरेको छ । विशेषगरी पहिरो, बाढी, चट्याङ र नदी कटानका घटनाले ग्रामीण बस्ती बढी प्रभावित हुने गरेका छन् ।

**१३ हजार नागरिक प्रभावित हुने अनुमान**

सरकारले तयार पारेको प्रतिकार्य योजनाअनुसार यस वर्ष मनसुनजन्य विपद्का कारण कर्णालीका करिब १३ हजार नागरिक प्रभावित हुन सक्ने अनुमान गरिएको छ । तीमध्ये करिब तीन हजार घरधुरी प्रत्यक्ष प्रभावित हुने आँकलन गरिएको छ । प्रदेश सरकारले जोखिम न्यूनीकरण, उद्धार, राहत र पुनःस्थापनालाई व्यवस्थित बनाउन विभिन्न कार्ययोजना लागू गरेको जनाएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत शान्ति, सुरक्षा तथा विपद् व्यवस्थापन महाशाखाका प्रमुख उत्तम गौतमका अनुसार प्रदेश विपद् प्रतिकार्य योजना-२०८३, प्रदेश आपतकालीन गोदाम सञ्चालन तथा व्यवस्थापन कार्यविधि-२०८३ तथा मनसुन प्रतिकार्य तथा पूर्वतयारी योजना-२०८३ लागू भइसकेका छन् । उनका अनुसार योजना अनुसार सबै जिल्लामा आवश्यक सामग्री, जनशक्ति परिचालन तथा समन्वयलाई प्रभावकारी बनाइनेछ ।

**दश वर्षसम्म पनि पुनःस्थापना भएनन् विस्थापित**

२०७१ सालको साउनमा आएको विनाशकारी बाढी र पहिरोबाट विस्थापित भएका सुर्खेतका धेरै परिवार अझै स्थायी आवासको प्रतीक्षामा छन् । बराहताल गाउँपालिका-२ का १ सय २५ घरधुरी अहिले पनि गिरीघाटस्थित सामुदायिक वन क्षेत्रमा अस्थायी टहरामा बस्दै आएका छन् । विपद् आएको एक दशक बितिसक्दा पनि उनीहरूको स्थायी पुनःस्थापना हुन नसक्नु राज्यको विपद् व्यवस्थापन प्रणालीमाथि गम्भीर प्रश्न बनेको छ ।

**चालु वर्षमै ६३३ विपद्का घटना**

कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतका अनुसार चालु वर्षमा मात्रै कर्णालीमा ६३३ वटा विपद्का घटना भएका छन् । ती घटनामा १७ जनाको मृत्यु, एक जना बेपत्ता तथा ६२ जना घाइते भएका छन् । प्रहरीका अनुसार मनसुन अझै सक्रिय भइरहेकाले आगामी दिनमा विपद्का घटना थप बढ्न सक्ने सम्भावना रहेको छ ।

**चार वर्षमा ४ सय १९ जनाको मृत्यु**

प्रदेश प्रहरी कार्यालयको तथ्यांकअनुसार पछिल्ला चार आर्थिक वर्षमा कर्णालीमा ४ हजार ५७१ वटा विपद्का घटना भएका छन् । ती घटनामा ४१९ जनाले ज्यान गुमाएका छन् ।

आर्थिक वर्ष २०७७/०७८ मा ४१६ घटना भएकोमा ८५ जनाको मृत्यु भएको छ । यस्तै आर्थिक वर्ष २०७८/०७९ मा १ हजार २१६ घटना हुँदा ६८ जनाको मृत्यु भएको थियो । भने आर्थिक वर्ष २०७९/०८० मा २ हजार २१४ घटना भएकोमा ७२ जनाको मृत्यु भएको थियो । यसैगरी आर्थिक वर्ष २०८०/०८१ मा ५३३ घटना हुँदा ११४ जनाको मृत्यु भएको थियो । त्यसैगरी आर्थिक वर्ष २०८१/०८२ मा ८११ वटा विपद्का घटना हुँदा ३५ जनाको मृत्यु र १८० जना घाइते भएका थिए । घटनाको संख्या घटे पनि मानवीय क्षति भने गम्भीर हुने क्रम जारी रहेको प्रहरीको भनाई छ । कर्णालीमा सबैभन्दा बढी मानवीय क्षति पहिरोका कारण हुने गरेको तथ्यांकले देखाएको छ ।

पहिरोकै कारण कर्णालीमा २०७७/०७८ देखी हालसम्म ११४ जनाको मृत्यु भएको छ । प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक सन्तोष सिंह राठौरका अनुसार पछिल्ला वर्षमा घटनाको संख्या केही घटे पनि ठूलो वर्षा हुँदा हुने पहिरोका कारण मानवीय क्षति अझै गम्भीर रहने गरेको छ ।

# 'हुलाक ऐन, २०१९' संशोधन गर्न माग




❒ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १६ असार

हुलाक सेवासम्बन्धी कानुन 'हुलाक ऐन, २०१९' र नीति समयानुकूल परिवर्तन गर्न अधिकारीहरुले जोड दिएका छन् ।

हुलाक सेवा विभागले मंगलबार आयोजना गरेको 'हुलाक सेवाको आधुनिकीकरणसम्बन्धी उच्चस्तरीय संवाद कार्यक्रम' मा अधिकारीहरुले सो धारणा व्यक्त गरेका हुन् । कार्यक्रममा नेपालमा हुलाक सेवाको रुपान्तरण : सरकारी कुरियर सेवा, व्यावसायिकता र नवप्रवर्तन विषयक कार्यपत्र प्रस्तुत गर्दै पूर्वसचिव सुरेश अधिकारीले हुलाक सेवालाई समयानुकूल अघि बढाउन कानुन र नीतिगत सुधार गर्नुपर्ने धारणा राखे । हुलाक सेवा विभागका निर्देशक सपनाकुमारी भट्टराईले 'हुलाक ऐन,२०१९' को संशोधन अनिवार्य भएको जानकारी दिए । नेपाल कुरियर सेवा सङ्घका अध्यक्ष अनिल राजभण्डारीले २०५० सालमा हुलाक ऐन संशोधन भएपछि नेपालमा कुरियर सेवा सुरु भएको बताए । नेपालमा कुरियर सेवा सबै जिल्लामा पुगिसकेको छ । सरकारले जारी गरेको शासकीय सुधारसम्बन्धी १०० बुँदाको २७ नं. बुँदामा हुलाक सेवालाई सरकारी कुरियर सेवा प्रदायकका रुपमा अघि बढाउने कुरा उल्लेख छ ।

# सवारीसाधनको कालो सिसा हटाउन ७ वटै प्रदेशमा सर्कुलर



❒ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १६ असार

प्रहरी प्रधान कार्यालयले सार्वजनिक र निजी सवारी साधनमा जडान गरिएको कालो सिसा हटाउन सातवटै प्रदेशमा सर्कुलर गरेको छ ।

प्रदेश स्थित राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयहरूलाई प्रहरी प्रधान कार्यालयले मंगलबार सर्कुलर गरेको हो कार्य विभाग अन्तर्गतको राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन माहाशाखाले प्रदेश कार्यालयहरूलाई त्यस्तो सर्कुलर गरेको प्रहरी प्रधान कार्यालयका एकजना अधिकृतले रातोपाटीलाई बताए । प्रधान कार्यालयले काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयलाई पनि सर्कुलर गरेको छ । असार १५ मा उपत्यका ट्राफिक प्रहरी कार्यालयले गृहमन्त्री सुधन गुरुङ र गृह मन्त्रालयका सचिव राजकुमार श्रेष्ठको गाडीमा राखिएको कालो सिसाको स्टिकर हटाएको थियो ।

गृहमन्त्री र सचिवको कालो सिसा हटाएसँगै मंगलबार उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादव चढ्ने सरकारी गाडीको पनि कालो सिसा हटाइएको छ । मंगलबार आपूर्ति मन्त्रालयका कर्मचारीहरूले नै मन्त्री यादवको गाडीमा जडान गरिएको कालो सिसाको स्टिकर निकालेका हुन् ।

असार १४ देखी ट्राफिक प्रहरीले उपत्यकामा चल्ने निजी तथा सार्वजनिक सवारीमा जडान गरिएको कालो सिसाका स्टिकर हटाउन सुरु गरेको थियो । पहिलो चरणमा कालो स्टिकर हटाउन थालिएको हो । कम्पनीबाट कालो सिसा जडान भएका गाडीहरूको सिसा परिवर्तन गर्नेबारे ट्राफिक प्रहरीले गाडी बिक्रेता कम्पनीहरूसँग छलफल गरेको छ ।

## रास्वपाको कीर्तिमान:

# केन्द्रीय समितिमा ५१ प्रतिशत महिला

❒ **काँक्रेविहार संवाददाता**
काठमाडौं, १५ असार

पार्टीको केन्द्रीय समितिमा ५१ प्रतिशत महिला निर्वाचित गर्दै सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीले कीर्तिमान राखेको छ । नेपालमा अहिलेसम्म कुनै पनि राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलले केन्द्रीय समितिमा आधा संख्यामा महिला निर्वाचित गर्न सकेका थिएनन् ।



रास्वपाले आफ्नो विधानमै ३३ प्रतिशत महिला अनिवार्य निर्वाचित हुने गरी व्यवस्था गरेको थियो । तर निर्वाचन परिणाममा महिलाको प्रतिनिधित्व पुरुषभन्दा बढी हुन गयो । ९९ सय जना केन्द्रीय सदस्य महाधिवेशनबाट निर्वाचित भएकोमा ५० जना महिला छन् । प्रादेशिक केन्द्रीय सदस्य २६ र राष्ट्रियतर्फ २४ जना गरी ५० महिला पार्टीको केन्द्रीय समितिमा पुगेका हुन् । ३३ प्रतिशतका लागि ३३ जना भए पुग्ने थियो ।

प्रादेशिक चुनावमा बाग्मती प्रदेशबाट पाँचैजना महिला निर्वाचित भए । यस्तै, कोशीबाट ४, मधेसबाट ४, गण्डकीबाट ३, लुम्बिनीबाट ४, कर्णालीबाट ४ र सुदुरपश्चिमबाट ३ जना महिलाले चुनाव जितेका थिए ।

राष्ट्रिय स्तरमा खुल्ला केन्द्रीय सदस्यका लागि भएको निर्वाचनमा ९ जना महिला उम्मेदवारले जित हासिल गरे । खुल्लामा जित्ने महिला नेतृहरुमा सोविता गौतम, डा. तोसिमा कार्की, रञ्जु दर्शना, समीक्षा बास्कोटा, निशा डाँगी, इन्दिरा रानामगर, रिमा विश्वकर्मा, गीता चौधरी र लिमा अधिकारी रहेका छन् ।


बाँकी पृष्ठ २

सम्पादकीय

# नाराभन्दा कार्यान्वयनमा जोड

नेपाल कृषि प्रधान देश भए पनि धान उत्पादनमा अझै आत्मनिर्भर हुन नसक्नु विडम्बनापूर्ण यथार्थ हो । हरेक वर्ष असार १५ मा राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव भव्य रूपमा मनाइन्छ, नयाँ नयाँ नारा तय गरिन्छन्, तर वर्षेनी धान आयात गर्नुपर्ने अवस्था भने कायमै छ । यस वर्ष 'जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि' भन्ने मूल नारासहित २३औँ राष्ट्रिय धान दिवस मनाइँदा पनि यही प्रश्न फेरि उठेको छ, के हामी केवल नारामै सीमित हुने कि व्यवहारमै आत्मनिर्भरताको बाटो समात्ने ? कर्णाली प्रदेशको अवस्था झन् चुनौतीपूर्ण छ । प्रदेशमा वार्षिक खाद्यान्न आवश्यकता र उपलब्ध उत्पादनबीच अझै ठूलो अन्तर छ । मनसुनको अनियमितता, सिँचाइको अभाव, उन्नत बीउको सीमित पहुँच, मलको अभाव तथा आधुनिक कृषि प्रविधिको न्यून प्रयोगले उत्पादन वृद्धि अपेक्षाअनुसार हुन सकेको छैन। अझ जलवायु परिवर्तनले खेती प्रणालीलाई प्रत्यक्ष असर गरिरहेको छ । कतै खडेरी त कतै अत्यधिक वर्षाका कारण किसानको लगानी जोखिममा पर्दै गएको छ ।

यस्तो अवस्थामा जलवायुमैत्री कृषि प्रविधि आजको आवश्यकता मात्र होइन, बाध्यता बनेको छ । सुख्खा र डुबान दुवै सहन सक्ने धानका जात, वर्षाको पानी संकलन, साना सिँचाइ आयोजना, आधुनिक रोपाइँ तथा कटानी प्रविधि र अनुसन्धानमा आधारित खेती प्रणालीलाई व्यवहारमा उतार्न सकिए मात्र उत्पादन वृद्धि सम्भव हुन्छ । यसका लागि किसानलाई समयमै गुणस्तरीय बीउ, मल, प्रविधि र प्राविधिक सेवा उपलब्ध गराउनु राज्यको प्राथमिक दायित्व हो । कर्णालीका लागि अर्को अवसर भनेको यहाँको स्थानीय धान हो । जुम्लाको विश्वप्रसिद्ध मार्सी धान केवल कृषि उत्पादन मात्र होइन, प्रदेशको पहिचान र आर्थिक सम्भावनासमेत हो। यस्ता स्थानीय तथा रैथाने जातको संरक्षण, ब्रान्डिङ र व्यावसायीकरणमा राज्यले विशेष ध्यान दिनुपर्छ। यसले किसानको आम्दानी बढाउने मात्र होइन, कर्णालीलाई विशिष्ट कृषि गन्तव्यका रूपमा स्थापित गर्न पनि मद्दत पुऱ्याउनेछ ।

धान दिवस केवल हिलो खेल्ने, दही–चिउरा खाने र औपचारिक कार्यक्रम गर्ने दिनमा सीमित हुनु हुँदैन । यो दिन किसानका वास्तविक समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्ने अवसर बन्नुपर्छ । समयमै मल उपलब्ध गराउने, सिँचाइ विस्तार गर्ने, उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने र कृषि बीमालाई प्रभावकारी बनाउने जस्ता विषयमा सरकारको स्पष्ट कार्ययोजना आवश्यक छ । आत्मनिर्भरता केवल नाराले प्राप्त हुँदैन । त्यसका लागि नीति, बजेट, प्रविधि, अनुसन्धान र किसानमैत्री कार्यक्रमको प्रभावकारी कार्यान्वयन अपरिहार्य छ । जबसम्म किसानले खेतीलाई सम्मानजनक र लाभदायी व्यवसायका रूपमा अनुभूति गर्न सक्दैनन्, तबसम्म धान दिवसका नारा वर्षेनी दोहोरिनेछन् र आत्मनिर्भरताको लक्ष्य अधुरै रहनेछ । त्यसैले अब उत्सवभन्दा बढी उत्पादन, भाषणभन्दा बढी कार्यान्वयन र घोषणाभन्दा बढी परिणाममा केन्द्रित हुने समय आएको छ ।

## वाम एकताको बहस:

# कमजोर आत्मबल र विजयको मृगतृष्णा !



✍ घनश्याम कोइराला

गत फागुन २१ गते सम्पन्न आमनिर्वाचनले नेपालको राजनीतिक परिदृश्यमा ठूलो फेरबदल ल्याएको छ । यस निर्वाचनमा परम्परागत रूपमा प्रमुख मानिएका स्थापित दलहरू-नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) र नेपाली कांग्रेस-गम्भीर पराजयको अवस्थामा पुगे । विगतको संघीय संसद्मा बलियो प्रतिनिधित्व गरेका अधिकांश कम्युनिस्ट घटक, मधेसकेन्द्रित दल तथा अन्य स्थापित राजनीतिक शक्तिहरूको प्रभाव उल्लेखनीय रूपमा खुम्चियो । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले सीमित सफलता हासिल गऱ्यो भने नयाँ दलहरूमध्ये श्रम संस्कृति पार्टीले केही सिट जित्न सफल भयो । स्वतन्त्र उम्मेदवार महावीर पुन विजयी भई मन्त्री बने । तर निर्वाचनअघि व्यापक चर्चामा रहेको उज्यालो नेपाल पार्टीले भने एक सिट पनि जित्न सकेन ।

निर्वाचनको सबैभन्दा उल्लेखनीय र धक्कापूर्ण पक्ष राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को अभूतपूर्व सफलता रह्यो । झन्डै दुई-तिहाइ सिट जित्दै उसले नेपालको संसदीय इतिहासमा २०१५ सालको पहिलो आमनिर्वाचनमा नेपाली कांग्रेसले कायम गरेको ऐतिहासिक उपलब्धिसमेत उछिनेको दाबी गरिएको छ। कतिपय विश्लेषकहरूले यस परिणामलाई अप्रत्याशित भनेका छन् । तर, रवि लामिछानेको नेतृत्वमा रहेको रास्वपा र काठमाडौँ महानगरपालिकाका मेयर बालेन्द्र (बालेन) शाहबीचको रणनीतिक सहकार्यपछि यस पक्षका समर्थकहरू यस्तै परिणाम आउनेमा पूर्ण विश्वस्त देखिन्थे । उनीहरूको बुझाइमा यो जनमत आकस्मिक नभई परम्परागत दलहरूको कार्यशैलीप्रति जनतामा लामो समयदेखि सञ्चित असन्तुष्टिको विद्रोहात्मक राजनीतिक अभिव्यक्ति थियो ।

रास्वपाको उदयका पछाडि विभिन्न कारण देखिन्छन् । 'जेन-जी' आन्दोलनका मुद्दाको प्रभाव, युवा तथा शिक्षित उम्मेदवारहरूको बाहुल्य, सूचना प्रविधि र सामाजिक सञ्जालको प्रभावकारी प्रयोग तथा पुराना दलहरूप्रतिको बढ्दो वितृष्णा यसका प्रमुख कारक हुन् ।

भ्रष्टाचार, बेरोजगारी, चरम युवा पलायन, वर्षौंसम्म नेतृत्वमा दोहोरिने अनुहार र उही घिसेपिटेको राजनीतिक शैलीप्रति मतदाताले मतपत्रमार्फत तीव्र असन्तोष व्यक्त गरेका हुन् । नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको माग पनि यसपटक झन् प्रखर रूपमा उठ्यो । नेपाली कांग्रेस स्वयं पनि निर्वाचनअघि आन्तरिक रूपमा पूर्णतः एकताबद्ध देखिएन । पुरानो र नयाँ नेतृत्वबीच विश्वासको संकट, टिकट वितरणप्रतिको व्यापक असन्तुष्टि तथा संगठनात्मक कमजोरीले उसको निर्वाचन प्रदर्शनमा गम्भीर असर पारेको देखिन्छ । निर्वाचनपछि भने कांग्रेसले पराजय स्वीकार गर्दै पार्टीलाई पुनः एकताबद्ध र सुदृढ बनाउने दिशामा ध्यान केन्द्रित गरेको संकेत दिएको छ ।

कम्युनिस्ट आन्दोलन र एकताको मृगतृष्णाः

नेपाली कम्युनिस्ट आन्दोलनको इतिहास हेर्दा विभाजन अपवाद होइन, बरु एकता नै अपवादजस्तो देखिन्छ । निर्वाचन परिणामको धक्कापछि नेकपा (एमाले) र नेकपाभित्र गम्भीर आत्मसमीक्षाको आवश्यकता महसुस गरिएको छ । एमालेका केही शीर्ष नेताहरू निर्वाचन समीक्षा र संगठन पुनर्जागरण अभियानमा सक्रिय देखिन्छन् भने पार्टी नेतृत्वले कम्युनिस्ट शक्तिहरूबीच पुनः एकता वा सहकार्यको सम्भावना पनि खोजिरहेको छ ।

यसै सन्दर्भमा जननेता मदन भण्डारीको ७५औँ जयन्तीका अवसरमा माधवकुमार नेपाल, झलनाथ खनाल, पुष्पकमल दाहाल 'प्रचण्ड' र केपी शर्मा ओली एउटै मञ्चमा देखिनु सामान्य संयोग मात्र थिएन भन्ने विश्लेषण भइरहेको छ । कार्यक्रममा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख भूमिका र सक्रियतालाई पनि सम्भावित वाम सहकार्यको बलियो संकेतका रूपमा व्याख्या गरिएको छ ।

सिद्धान्त र विचार मिल्ने राजनीतिक शक्तिहरूबीच सहकार्य वा एकता हुनु आफैँमा सकारात्मक मान्न सकिन्छ । तर, विगतका अनुभवहरूले यसको दिगोपनमाथि गम्भीर प्रश्न उठाउँछन् । एमाले र माओवादी केन्द्रबीचको ऐतिहासिक चुनावी गठबन्धन, त्यसपछिको झन्डै दुई-तिहाइ बहुमतको शक्तिशाली सरकार र त्यसको शीघ्र दुःखद विघटन–यी सबै घटनाले के प्रमाणित गरे भने केवल सत्ता प्राप्तिका लागि गरिने अंकगणितीय एकता दीर्घकालीन हुन सक्दैन । त्यसको राजनीतिक, वैचारिक र कानुनी मूल्य देश र जनताले महँगो रूपमा चुकाउनुपऱ्यो ।

त्यसपछि बनेका गठबन्धनहरू पनि स्थिर हुन सकेनन् । कहिले एमालेविरुद्ध कांग्रेससहितका कम्युनिस्ट शक्तिहरू एक भए, कहिले एमालेकै समर्थनमा सरकार बन्यो, फेरि कांग्रेसको समर्थनमा सरकार टिक्यो, अनि त्यसपछि कांग्रेस-एमाले सहकार्य भयो । सरकार फेरिने यो निरन्तरको 'म्युजिकल चेयर' ले मुलुकको राजनीतिक अस्थिरतालाई झन् गहिरो दलदलमा फसायो । यही पृष्ठभूमिमा फेरि वाम एकताको बहस सुरु भएको छ । तर यसले स्वाभाविक रूपमा केही गम्भीर प्रश्नहरू जन्माएको छः

विगतमा लोकप्रिय जनमत, बलियो सरकार र शक्तिशाली नेतृत्व हुँदाहुँदै पनि किन सरकार टिकेन? किन पार्टी एकता जोगिन सकेन ? आन्दोलनका उपलब्धिहरू किन संस्थागत हुन सकेनन्? राज्यका निकायहरूसँग आवश्यक विश्वास किन निर्माण हुन सकेन? पार्टी सञ्चालनमा पारदर्शिता, अनुशासन र विश्वसनीयता किन स्थापित हुन सकेन ? जनताका आधारभूत मुद्दाप्रति संवेदनशीलता किन कमजोर बन्यो ? के केही थान नेताहरूको सामूहिक तस्बिर देख्न नपाएर पार्टी कमजोर भएको हो ? देश र जनताको माग केही थान नेताहरूको सामूहिक तस्बिरका पोस्टर हुन्? के 'एकता' नै अहिलेका सबै समस्याहरूको समाधान हो ?

यिनै प्रश्नहरूको विश्वसनीय उत्तर नदिई केवल संगठनात्मक एकता घोषणा गरिँदैमा जनविश्वास स्वतः फर्किन्छ भन्ने कुनै वस्तुगत आधार देखिँदैन । आजको आवश्यकता केवल दलहरूको अंकगणितीय मिलाप होइन; वैचारिक स्पष्टता, लोकतान्त्रिक राजनीतिक संस्कृति, सुशासन, पारदर्शिता, नेतृत्व हस्तान्तरणको स्पष्ट योजना तथा जनताप्रतिको उत्तरदायित्व हो ।

**वाम आन्दोलनका आन्तरिक विचलन, रूप र सारको संकटः**

गम्भीरतापूर्वक केलाउने हो भने, आज नेपालका कम्युनिस्ट पार्टीहरू वैचारिक र व्यावहारिक दुवै रूपमा संकटग्रस्त छन् । आजका कम्युनिस्ट र गैर-कम्युनिस्ट पार्टीहरूलाई छुट्ट्याएर हेर्ने हो भने पार्टीको झण्डा, अभिवादनको शैली (लालसलाम) र पार्टीको नामबाहेक तात्त्विक भिन्नता कतै देखिँदैन । सिद्धान्त र व्यवहारको यो बढ्दो दूरी नै वाम आन्दोलनको सबैभन्दा ठूलो विचलन हो ।

वास्तवमा आजको वाम एकताको माग मूलतः नेताहरूको आत्मरक्षा र व्यवस्थापनको औजारजस्तो मात्र बनेको छ, जसको मुख्य ध्येय आगामी प्रदेशसभा र स्थानीय तहको निर्वाचनमा अंकगणित मिलाएर चुनाव जित्नु मात्रै देखिन्छ । पुराना कम्युनिस्ट पार्टीहरू अझै पनि सदियौँ पुराना मुद्दाहरू-जातीय एवं लैङ्गिक विभेदको अन्त्य, राष्ट्रिय पुँजीको विकास र समाजवाद आदिको 'सुगा रटाइ' मा मात्रै सीमित छन् ।

दीर्घकालीन दृष्टिले यी विषय अपरिहार्य छन्, तर अहिलेको मागबारे कुनै व्यावहारिक स्पष्टता देखिँदैन । हालसम्म व्यवहारमा देखिएको कुरा के हो भने चुनाव जितेपछि ठूला र शक्तिशाली नेताहरूले आफ्नै निर्वाचन क्षेत्रमा राज्यको बजेट खन्याउने र बाँकी देशलाई आफ्नो देश नै नठान्ने क्षेत्रीय संकीर्णता पालेर बसेका छन् भन्ने जनगुनासो सबैतिर सुनिन्छ ।

# तेस्रो पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा

कॉंक्रेविहार संवाददाता

कालीकोट, १६ असार

कालीकोटलाई कर्णाली प्रदेशको तेस्रो पूर्ण खोप सुनिश्चित तथा दिगोपना जिल्ला घोषणा गरिएको छ । जिल्लाका सबै नौवटै स्थानीय तहले पूर्ण खोप सुनिश्चित तथा दिगोपना घोषणा गरेपछि जिल्लालाई औपचारिक रूपमा पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको हो ।

'स्थानीय स्रोतको उपयोग, स्वामित्व र सहभागिता, पूर्ण खोप सुनिश्चित हाम्रो प्रतिबद्धता' भन्ने मूल नारासहित आयोजित कार्यक्रममा जिल्ला खोप समन्वय समितिले जिल्लाभरका सबै लक्षित बालबालिका, गर्भवती महिला र किशोरीले राष्ट्रिय नियमित खोप कार्यक्रम अन्तर्गत पाउनुपर्ने सबै खोप प्राप्त गरेको सुनिश्चित भएपछि घोषणा गरिएको जनाएको छ ।



जिल्ला खोप समन्वय समिति सदस्यसचिव तथा स्वास्थ्य सेवा कार्यालयका प्रमुख व्यवस्थापक डा. रत्नवीर सुनारले स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय तह र समुदायको सक्रिय सहभागिताले यो उपलब्धि सम्भव भएको बताए उनका अनुसार जन्मदेखि पाँच वर्षमुनिका बालबालिकाले नौ प्रकारका, गर्भवती महिलाले एक र किशोरीहरूले एक गरी कुल ११ प्रकारका खोप प्राप्त गरेका छन् ।

जिल्ला समन्वय समितिका प्रमुख धनजित शाहीले बालबालिकालाई विभिन्न संक्रामक रोगबाट सुरक्षित राख्न नियमित खोप कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको बताए । उनले विकट भौगोलिक अवस्थाका बाबजुद सबै बालबालिकासम्म खोप सेवा पुऱ्याउन स्वास्थ्यकर्मी र स्वयंसेविकाले महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गरे ।

स्वास्थ्य सेवा कार्यालयका खोप फोकल पर्सन कटकबहादुर महतले जन्मदेखि १५ महिनाभित्र सबै खोप पूरा गराउने तथा छुटेका १६ देखि ५९ महिनाका बालबालिकालाई खोज तथा खोप अभियानमार्फत समेटेर पूर्ण खोप सुनिश्चित गरिएको जानकारी दिए । यसैबीच, पूर्वी सुर्खेतको सिम्ता गाउँपालिकालाई पनि पूर्ण खोप सुनिश्चित तथा दिगोपनायुक्त पालिका घोषणा गरिएको छ ।

गाउँपालिकाका सबै नौ वडाले आवश्यक मापदण्ड पूरा गरेपछि पालिकालाई औपचारिक रूपमा घोषणा गरिएको हो ।

जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतका खोप फोकल पर्सन घनबहादुर बुढाले सिम्ताले पूर्ण खोप सुनिश्चित घोषणा प्राप्त गरेसँगै अब सुर्खेत जिल्लालाई पनि पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गर्ने तयारी भइरहेको बताए ।

उनले कुनै पनि बालबालिका खोप सेवाबाट वञ्चित नहोस् भन्ने उद्देश्यले गाउँ-गाउँ र घर-घरमा पुगेर सेवा प्रवाह गरिएको उल्लेख गर्दै आगामी दिनमा खोप कार्यक्रमलाई अझ प्रभावकारी र दिगो बनाइने प्रतिबद्धता व्यक्त गरे ।

## केन्द्रीय...

रास्वपामा १५८ जनाको केन्द्रीय समिति रहने व्यवस्था छ । त्यसमध्ये ९९ जना निर्वाचनबाट चुनिन्छन् भने ५१ जना सभापतिले मनोनित गर्नेछन् । यस्तै, ७ प्रदेशका सभापतिहरु पदेन केन्द्रीय सदस्य हुन्छन् । १५८ जनामा एक तिहाई अनिवार्य महिला हुनुपर्ने विधानको व्यवस्था छ ।

यसका लागि ५३ जना महिला केन्द्रीय सदस्य हुनुपर्छ । अब सभापतिले मनोनीत गर्ने ५० जनामा ३ जना मात्र महिला राख्दा पनि ३३ प्रतिशत पुग्छ । तर, मनोनित महिलाको संख्या पनि उल्लेख्य हुने निश्चित छ ।

रास्वपाले पदाधिकारी तहमा पनि महिलालाई कोटा छुट्ट्याएको छ । उपसभापतिमा महिला कोटाबाट सोविता गौतम र सहमहामन्त्रीमा निशा डाँगी निर्वाचित भएका छन् । बाँकी पदाधिकारीहरुमा पुरुष नै निर्वाचित भए । यसरी महिलालालाई कोटा नै दिएर नेतृत्वमा राख्नुभन्दा प्रजातान्त्रिक तवरले नै समानताको आधारमा प्रतिस्पर्धा गर्न दिनु उचित हुने मत पनि उत्तिकै बलियो छ ।

सूचना, समाचार तथा विज्ञापनको लागि ९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

# कुप्रथाविरूद्ध सामाजिक अभियानमा सक्रिय किशोरी



काँक्रेविहार संवाददाता
दैलेख, १६ असार

किशोरीहरू समाजमा विद्यमान छाउपडी प्रथा, बालविवाह र लैङ्गिक हिंसाविरुद्ध सङ्गठित रूपमा अभियान सञ्चालन गर्न थालेका छन्। घर र विद्यालयमा सीमित रहने किशोरीहरू अहिले गाउँ-टोलमै पुगेर जनचेतना फैलाउने, बालविवाह रोक्ने तथा लैङ्गिक समानताको सन्देश प्रवाह गर्ने कार्यमा सक्रिय देखिएका छन्।

नारायण नगरपालिकाका विभिन्न वडामा गठन गरिएका किशोरी समूहले सामाजिक कुरीति अन्त्यका लागि समुदायसँग प्रत्यक्ष संवाद गर्दै अभिभावक, स्थानीय अगुवा र किशोरीहरूलाई सचेत बनाउने अभियान सञ्चालन गरेका छन्। उनीहरूको सक्रियतासँगै समुदायमा बालविवाह, छाउपडी प्रथा र लैङ्गिक हिंसाविरुद्ध सकारात्मक सोचको विकास हुन थालेको स्थानीयको भनाइ छ।

नारायण नगरपालिका छकी सुमित्रा सार्कीले विशेषगरी दलित समुदायमा कम उमेरमै विवाह गर्ने चलन अझै कायम रहेकाले त्यसविरुद्ध किशोरीहरू एकजुट भएर काम गरिरहेको बताइन्। उनका अनुसार बालविवाहले किशोरीको शिक्षा, स्वास्थ्य र भविष्यमा नकारात्मक असर पार्ने भएकाले समुदायलाई त्यसबारे निरन्तर सचेत बनाइँदै आएको छ।

आफूहरू सचेत भएपछि अन्य किशोरी र अभिभावकमा पनि सकारात्मक परिवर्तन देखिन थालेको उनले बताइन्। आवाज संस्थाले 'सशक्त महिला, समृद्ध नेपाल' अभियानअन्तर्गत सञ्चालन गरेको 'सकारात्मक लैङ्गिक मापदण्डको प्रवर्द्धन, लैङ्गिक हिंसा रोकथाम र सेवामा पहुँच अभिवृद्धि' परियोजनामार्फत किशोरीहरूलाई रूपान्तरण कक्षा सञ्चालन गरिएको छ। उक्त तालिमपछि उनीहरू सामाजिक अभियानमा सक्रिय रूपमा सहभागी हुन थालेका हुन्।

परियोजना अन्तर्गत गठन भएका किशोरी समूहले हालसम्म आफ्नो समुदायमा १६ वटा बालविवाह हुनबाट रोकेको जनाएको छ। साथै छाउगोठमा बस्न बाध्य महिलालाई सुरक्षित रूपमा घरमै बस्ने वातावरण बनाउन पनि पहल गरिएको छ।

नारायण नगरपालिकाका चार वडाका २५० किशोरी रूपान्तरण कक्षामा सहभागी भएका छन्। विद्यालय उमेरमै पढाइ छाडेका किशोरीलाई आत्मनिर्भर बनाउन नगरपालिकाले 'सशक्त महिला, समृद्ध नेपाल' कार्यक्रममार्फत प्रतिव्यक्ति ३० हजार रुपैयाँका दरले आयआर्जनमूलक कार्यक्रममा समेत सहभागी गराएको छ।

स्थानीय तह र किशोरीहरूको संयुक्त प्रयासले सामाजिक कुरीति न्यूनीकरणसँगै महिला सशक्तीकरणमा सकारात्मक परिणाम देखिन थालेको विश्वास गरिएको छ।

# स्थानीय परिकारमार्फत पोषण सन्देश

काँक्रेविहार संवाददाता
सल्यान, १६ असार

स्थानीय खाद्य परिकारको प्रवर्द्धन गर्दै कुपोषण न्यूनीकरण र सन्तुलित आहारप्रति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले सल्यानकोदार्मागाउँपालिकामा पोषण मेला आयोजना गरिएको छ।

मेलामा स्थानीय महिलाले आफ्नै खेतबारीमा उत्पादन भएका खाद्यान्न, तरकारी, फलफूल तथा दलहनबाट तयार गरिएका पौष्टिक परिकार प्रदर्शन गरी स्वस्थ जीवनका लागि स्थानीय खानाको महत्वबारे जानकारी दिएका छन्।

मेलामा कोदो, फापर, मकै, गहुँ, सिमी, भटमास, विभिन्न गेडागुडी, हरियो सागसब्जी, अण्डा, दूध तथा मौसमी फलफूलबाट बनाइएका परिकार प्रदर्शनीमा राखिएका थिए ।

सहभागीले स्थानीय स्रोतसाधनमै आधारित खानाले शरीरलाई आवश्यक पोषक तत्त्व उपलब्ध गराउनुका साथै परम्परागत खानाको संरक्षण र स्थानीय उत्पादनको प्रवर्द्धनमा समेत टेवा पुग्ने धारणा व्यक्त गरेका थिए।




दार्मा गाउँपालिका छ की स्थानीय खिमा केसीले पोषण मेलाले समुदायमा पोषणसम्बन्धी ज्ञान र चेतना विस्तार गर्न महत्वपूर्ण भूमिका खेलेको बताए। उनका अनुसार मेलामार्फत स्थानीय खाद्यवस्तुको पोषण मूल्यबारे थप जानकारी प्राप्त भएको छ भने दैनिक भोजनमा पौष्टिक परिकार समावेश गर्न प्रेरणा समेत मिलेको छ।

स्थानीय उत्पादनको प्रयोगले स्वास्थ्य सुधारका साथै आत्मनिर्भर जीवनशैली विकासमा सहयोग पुग्ने उहाँको भनाइ थियो।

दार्मा गाउँपालिकाका अध्यक्ष निमबहादुर केसीले पोषण केवल स्वास्थ्यसँग सम्बन्धित विषय नभई कृषि, शिक्षा, सरसफाइ र पारिवारिक व्यवहारसँग प्रत्यक्ष जोडिएको बहुआयामिक विषय भएको उल्लेख गरे।

स्थानीय स्रोतसाधनको अधिकतम उपयोग गरी प्रत्येक परिवारलाई पोषणमैत्री बनाउन यस्ता कार्यक्रम प्रभावकारी हुने उनको विश्वास छ।

स्वास्थ्य शाखा प्रमुख यज्ञ बस्नेतले विशेषगरी गर्भवती तथा सुत्केरी आमा, शिशु र बालबालिकाको पोषण अवस्थामा सुधार ल्याउन व्यवहार परिवर्तन आवश्यक रहेको बताए।

उनले घरमै उत्पादन हुने पौष्टिक खाद्यवस्तुको नियमित प्रयोग र सन्तुलित आहारको अभ्यासले कुपोषण न्यूनीकरणमा महत्वपूर्ण योगदान पुग्ने उल्लेख गरे।

सहभागीका अनुसार यस्ता पोषण मेलाले स्थानीय खाद्य संस्कृतिको संरक्षण गर्दै स्वस्थ समाज निर्माणमा सकारात्मक भूमिका खेल्ने अपेक्षा गरिएको छ।

# स्वास्थ्य पत्रकारिता र पैरवीसम्बन्धी अभिमुखीकरण

काँक्रेविहार संवाददाता
डोल्पा, १६ असार

स्वास्थ्य क्षेत्रका नीति, प्राथमिकता र कार्यक्रमबारे सञ्चारकर्मीलाई अद्यावधिक जानकारी गराउँदै तथ्यमा आधारित स्वास्थ्य पत्रकारितालाई प्रवर्द्धन गर्ने उद्देश्यले डोल्पामा स्वास्थ्य पत्रकारिता तथा पैरवीसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतको आयोजना तथा स्वास्थ्य सेवा कार्यालय डोल्पाको समन्वयमा सदरमुकाम दुनैमा आयोजित कार्यक्रममा सञ्चारकर्मी, स्वास्थ्यकर्मी तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिको सहभागिता रहेको थियो।

कार्यक्रमको अध्यक्षता स्वास्थ्य सेवा निर्देशनालय सुर्खेतका शाखा अधिकृत लक्ष्मीप्रसाद लामिछानेले गर्नुभएको थियो। कार्यक्रममा स्वास्थ्य नीति तथा कार्यक्रम, तथ्य र आधिकारिक



स्रोतमा आधारित समाचार सम्प्रेषण, स्वास्थ्यसम्बन्धी गलत सूचना तथा अफवाह न्यूनीकरण, स्वास्थ्य प्रवर्द्धनमा सञ्चारमाध्यमको भूमिका र प्रभावकारी पैरवीका विषयमा छलफल गरिएको थियो।

अध्यक्ष लक्ष्मीप्रसाद लामिछानेले स्वास्थ्यसम्बन्धी समाचार तथ्य, प्रमाण र आधिकारिक स्रोतका आधारमा प्रकाशन तथा प्रसारण हुनुपर्नेमा जोड दिए। सञ्चारमाध्यम र स्वास्थ्य निकायबीचको सहकार्यले नागरिकसम्म सही सूचना पुऱ्याउन, स्वास्थ्य सेवाप्रतिको विश्वास बढाउन तथा जनस्वास्थ्य सुधारमा सहयोग पुग्ने उनको भनाइ थियो।

स्वास्थ्य सेवा कार्यालय डोल्पाका डा. सिजन रावलले समयमै प्रवाह भएको सही स्वास्थ्य सूचना धेरै अवस्थामा जीवन रक्षाको आधार बन्न सक्ने बताए। उनले जनस्वास्थ्य सचेतना अभिवृद्धि, स्वास्थ्य सेवामा पहुँच विस्तार तथा गलत सूचना नियन्त्रणमा जिम्मेवार स्वास्थ्य पत्रकारिताको महत्वपूर्ण भूमिका रहेको उल्लेख गरे।

जिल्ला अस्पताल डोल्पाकी गंगा ओझाले मदिराजन्य पदार्थको सेवनले मानव स्वास्थ्यमा पार्ने असरबारे प्रस्तुति दिँदै अत्यधिक मात्र होइन, घरेलु रूपमा उत्पादन हुने मदिराको असुरक्षित सेवनले पनि स्वास्थ्यमा गम्भीर असर पार्न सक्ने बताइन्।

कार्यक्रमका प्रमुख अतिथि तथा सहायक प्रमुख जिल्ला अधिकारी रामदत्त चौलागाईले तथ्यमा आधारित स्वास्थ्य पत्रकारिताले नागरिकलाई विश्वसनीय सूचना उपलब्ध गराउनुका साथै स्वास्थ्य कार्यक्रम प्रभावकारी बनाउन सहयोग पुग्ने धारणा व्यक्त गरे।

सहभागी सञ्चारकर्मीहरूले कार्यक्रम उपयोगी रहेको प्रतिक्रिया दिँदै यस्ता क्षमता अभिवृद्धिमूलक कार्यक्रम आर्थिक वर्षको अन्त्यमा भन्दा वर्षको सुरुवातमै सञ्चालन गरिए अझ प्रभावकारी हुने सुझाव दिएका छन्।

# सीमामा भाषा समस्या समाधान गर्न चिनियाँ-तिब्बती भाषा तालिम

काँक्रेविहार संवाददाता
हुम्ला १६ असार

चीनसँग सीमा जोडिएको हुम्लाका सीमाक्षेत्रमा देखिएको भाषागत समस्या समाधान गर्न सशस्त्र प्रहरी बल ४४ नम्बर गुल्म सिमकोटले चिनियाँ तथा तिब्बती भाषाको आधारभूत तालिम सञ्चालन गरेको छ।

तालिममा सशस्त्र प्रहरीका जवानदेखि जुनियर अधिकृत तथा स्थानीय युवाको सहभागिता रहेको छ। सीमावर्ती हिल्सा क्षेत्रमा चिनियाँ सुरक्षाकर्मी र स्थानीयसँग संवाद गर्न भाषागत कठिनाइ हुने भएकाले दोभाषे जनशक्ति तयार गर्ने उद्देश्यले एक साताको तालिम सञ्चालन गरिएको सशस्त्र प्रहरी नायव उपरीक्षक नन्दबहादुर साउदले बताए।

उनका अनुसार तालिमले सीमामा हुने दैनिक समन्वय, सुरक्षा गतिविधि र औपचारिक भेटघाटलाई सहज बनाउन सहयोग पुग्नेछ। तालिममा सीमा सुरक्षा चौकी हिल्साका सात जना सशस्त्र प्रहरी, गुल्मका २३ जना सुरक्षाकर्मी र पाँच जना स्थानीय युवा गरी ३५ जनाको सहभागिता रहेको छ।

सहभागीलाई सामान्य संवाद, औपचारिक अभिवादन तथा दैनिक प्रयोगमा आउने चिनियाँ र तिब्बती भाषाका आधारभूत शब्द र वाक्य सिकाइएको छ। सशस्त्र प्रहरीका अनुसार हाल हिल्सा नाकामा भाषागत समस्या कारण कतिपय अवस्थामा दुवै देशका सुरक्षाकर्मीले इशारामार्फत संवाद गर्नुपर्ने अवस्था छ।

स्थानीय स्तरमै भाषा जान्ने जनशक्ति तयार भएपछि सीमा सुरक्षा, सूचना आदानप्रदान र समन्वय कार्य थप प्रभावकारी हुने अपेक्षा गरिएको छ। प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले सीमासम्बन्धी बैठक तथा प्रशासनिक समन्वयका क्रममा हाल बाहिरबाट दोभाषे बोलाउनुपर्ने अवस्था रहेको उल्लेख गर्दै तालिमपछि स्थानीय स्तरमै दक्ष दोभाषे उपलब्ध हुने विश्वास व्यक्त गरे।

उनले यसले दुई देशका सुरक्षा निकायबीचको समन्वयलाई थप मजबुत बनाउने बताए। तालिम सञ्चालनका लागि चिनियाँ तथा तिब्बती भाषामा दक्ष दुई जना सशस्त्र प्रहरी र हुम्लाका एक स्थानीय युवाले सहजीकरण गरेका थिए।

सशस्त्र प्रहरीले आगामी दिनमा आवश्यकताअनुसार यस्ता तालिमलाई निरन्तरता दिँदै सीमाक्षेत्रमा कार्यरत सुरक्षाकर्मीको क्षमता अभिवृद्धि गर्ने जनाएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# विशेषज्ञ स्वास्थ्य शिविरबाट छ सय ३१ लाभान्वित




❐ कांँक्रेविहार संवाददाता
सुर्खेत, १६ असार

सुर्खेतको भेरीगङ्गा नगरपालिका-१२ स्थित छिन्चु स्वास्थ्य चौकीमा आयोजित एकदिने बृहत् निःशुल्क एकीकृत विशेषज्ञ स्वास्थ्य शिविरबाट छ सय ३१ जना लाभान्वित भएका छन्। दुर्गम तथा विपन्न समुदायलाई सहज, सुलभ र गुणस्तरीय विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले शिविर सञ्चालन गरिएको हो।

ह्याप्पी सोल्स र गोपाल निना फाउन्डेसन नेपालगञ्जको संयुक्त आयोजनामा सम्पन्न शिविर छिन्चु स्वास्थ्य चौकी, हाम्रो बहिनी सुर्खेत तथा सुर्खेत महिला स्वास्थ्य क्लिनिकको प्राविधिक तथा स्थानीय सहकार्यमा सञ्चालन गरिएको थियो।

शिविरमा नेपालगञ्ज र सुर्खेतका विभिन्न विधाका विशेषज्ञ चिकित्सकहरूले स्वास्थ्य सेवा प्रदान गरेका थिए। टोलीमा वरिष्ठ कन्सल्टेन्ट सर्जन डा. सोजन सापकोटा, मनोरोग विशेषज्ञ डा. सुशिल समदर्सी, प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. राम विष्ट, हाडजोर्नी तथा नशारोग विशेषज्ञ डा. गणेश तिवारी तथा कन्सल्टेन्ट जनरल फिजिसियन एवं इमरजेन्सी फिजिसियन डा. सरोज गिरीलगायतका चिकित्सक सहभागी थिए। शिविरमा शल्यक्रिया आवश्यक पर्ने रोग, मानसिक स्वास्थ्य समस्या, महिला तथा प्रसूति रोग, हाडजोर्नी तथा नशासम्बन्धी समस्या, साथै विभिन्न दीर्घरोग र मौसमी रोगका बिरामीको स्वास्थ्य परीक्षण, परामर्श तथा आवश्यक उपचार गरिएको आयोजकले जनाएको छ।

विशेषज्ञ चिकित्सकलाई आफ्नै गाउँमा भेटेर निःशुल्क स्वास्थ्य परीक्षण र उपचार सेवा लिन पाउँदा स्थानीय बासिन्दा उत्साहित भएका छन्।

उपचारका लागि टाढाका अस्पताल पुग्नुपर्ने समय, खर्च र झन्झट कम भएको भन्दै सहभागीहरूले यस्ता शिविरलाई निरन्तर सञ्चालन गर्न आग्रह गरेका छन्।

आयोजक संस्थाले यस्ता शिविरले समयमै रोग पहिचान, नियमित स्वास्थ्य परीक्षणको बानी विकास र स्वास्थ्य सचेतना अभिवृद्धिमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेको छ। साथै कर्णाली तथा आसपासका दुर्गम क्षेत्रमा विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न आगामी दिनमा पनि निःशुल्क स्वास्थ्य शिविर सञ्चालनलाई निरन्तरता दिने प्रतिबद्धता जनाएको छ।

स्थानीय तह, स्वास्थ्य संस्था र सामाजिक संस्थाबीचको सहकार्यबाट दुर्गम क्षेत्रका नागरिकलाई आधारभूत तथा विशेषज्ञ स्वास्थ्य सेवा सहज रूपमा उपलब्ध गराउन यस्ता कार्यक्रम प्रभावकारी हुने अपेक्षा गरिएको छ।

# बजेट आए पनि विमानस्थल विस्तार अझै अलपत्र

❐ कांँक्रेविहार संवाददाता
जुम्ला, १६ असार



विमानस्थल विस्तारको चर्चा सुरु भएको करिब नौ वर्ष बितिसक्दा पनि योजना कार्यान्वयन हुन सकेको छैन। हरेक वर्ष बजेट विनियोजन भए पनि जग्गा अधिग्रहण र पूर्वाधार निर्माणको काम अघि नबढ्दा विमानस्थल विस्तारको योजना अलपत्र परेको हो। २०७५ सालदेखि धावनमार्ग विस्तार, नयाँ टर्मिनल भवन निर्माण तथा अन्य पूर्वाधार स्तरोन्नतिको योजना अघि बढाइए पनि स्थानीय तह, सरोकारवाला निकाय र सम्बन्धित निकायबीच समन्वय अभावका कारण काम प्रभावकारी रूपमा अघि बढ्न सकेको छैन।

विनियोजन गरिएको बजेटसमेत खर्च हुन नसकी फिर्ता हुने क्रम दोहोरिएको छ। विमानस्थल विस्तारका लागि १८३.८० रोपनी जग्गा अधिग्रहण गर्नुपर्नेछ। यसका लागि करिब एक अर्ब रुपैयाँ लागत अनुमान गरिएको छ, जसमध्ये मुआब्जा वितरणमै करिब ५० करोड रुपैयाँ खर्च हुने अनुमान छ। आगामी आर्थिक वर्ष २०८३/८४ का लागि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत पर्यटन पूर्वाधार विकास आयोजनाले जग्गा अधिग्रहणका लागि २० करोड रुपैयाँ विनियोजन गरेको छ, जुन अहिलेसम्मकै सबैभन्दा ठूलो बजेट हो।

पूर्वमेयर तथा पूर्वसांसद कान्तिका सेजुवालले यसपटक विनियोजित बजेट जसरी पनि कार्यान्वयन गर्नुपर्ने बताए। उनले वर्षौंदेखि बजेट आउने तर काम अघि नबढ्ने अवस्था अन्त्य गर्न सबै पक्षबीच तत्काल समन्वय गरी जग्गा अधिग्रहण प्रक्रिया सुरु गर्नुपर्नेमा जोड दिए।

२०५१ सालमा निर्माण भएको विमानस्थलको टर्मिनल भवन जीर्ण बन्दै गएको छ भने हाल छ सय ७० मिटर रहेको धावनमार्गलाई एक हजार ५० मिटर पुऱ्याउने लक्ष्य राखिएको छ।

मन्त्रिपरिषद्ले २०८० जेठ दुई गते जग्गा अधिग्रहणका लागि स्वीकृति दिए पनि त्यसयता उल्लेखनीय प्रगति हुन सकेको छैन। नेपाल पत्रकार महासङ्घ जुम्लाका अध्यक्ष पूर्णप्रसाद चौलागाईंले विमानस्थल विस्तार राजनीतिक एजेन्डामा सीमित भएको टिप्पणी गरे।

उनले आवश्यक बजेट एकमुष्ट उपलब्ध गराई सरोकारवाला निकायबीच प्रभावकारी समन्वय हुन सके मात्र योजना कार्यान्वयन सम्भव हुने बताए। स्थानीयवासीले पनि लामो समयदेखि चर्चामा रहेको विमानस्थल विस्तार अब व्यवहारमै देखिनुपर्ने माग गरेका छन्।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति** : २०८३/०३/१७

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री नारायणी थारू** धनी रहेको, **दर्ता नम्बर** ९०१९/०७८/०७९ बाट **वीरेन्द्रनगर-७ सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **इशु ब्यूटी केयर एण्ड ट्रेनिङ्ग सेन्टर** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

घर घरमा हुलाक, मन मनमा हुलाक

छिटोछरितो, सस्तो, भरपर्दो र विश्वसनीय द्रुत हवाई डाँकसेवा (Air Ems) प्रयोग गरी चिठीपत्र, कागजात र सामानहरू स्वदेश तथा विदेशमा आदान-प्रदान गरौं।

हुलाक निर्देशनालय, सुर्खेत
सम्पर्क: ०८३-५२०२३४/०८३५२०१७५




कांँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)